नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, फागुन १३ गते २०१९ साल [संख्या ४५

श्री ५ को सरकार

अर्थ मन्त्रालय मालपोत विभागको

सूचना

बिर्ता उन्मूलन ऐन, २०१६ (संशोधनहरू सहित) को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले काठमाडौं उपत्यकाको ख. बिर्ता जग्गाको रैकरमा परिणत गर्ने विवरण दाखिल गर्ने अन्तिम म्याद २०१९ साल फागुन १५ गतेसम्म बढाइएको छ । सो म्यादभित्र विवरण, दाखिल नगरेमा ऐन कानून बमोजिम मोहीको नाउंमा दर्ता हुने वा सजायमा बढाबढ भै जानेभएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले–
वासुदेव पेकुरेल
श्री ५ को सरकारको डाईरेक्टर,
अर्थ मन्त्रालय मालपोत विभाग ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

मादक पदार्थ ऐन २०१७ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले आफूमा रहेको सबै अधिकार यस मन्त्रालय भंसार तथा अन्तःशुल्क विभागका डाइरेक्टरलाई सुम्पेको छ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव,
अर्थ मन्त्रालय।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।